# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७३।०५।०५ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

---

धादिङ जिल्ला, केवलपुर गा.वि.स. वडा नं. ३ स्थित रहेको कित्ता नं ६१ र ६२ समेतका जग्गाहरु नेपाल साउथ एसियन कन्स्ट्रकसन मेटेरियल कम्पनी प्रा.लि.लाई विक्री गर्ने गराउने क्रममा उक्त कित्ता नं ६१ र कित्ता नं ६२ को साँध सिमाना जोडिएका कित्ता नं ६१ र कित्ता नं ६२ का साविक जग्गाधनीहरु हरिविर लामा र गौतम लामाले चर्ची भोगचलन गरिरहेको कित्ता नं ६०, ७४ र ७७ को सरकारी जग्गाहरु समेत निज हरिविर लामा, गौतम लामा, मालपोत कार्यालय धादिङका तत्कालिन मालपोत अधिकृत मोहन जंग थापा, मालपोत कार्यालय धादिङका तत्कालिन ना.सु. सत्यनारायण नेपाल र नापी कार्यालय धादिङका सर्वेक्षक विश्व कुमार वस्नेत, नेपाल साउथ एसियन कन्स्ट्रकसन मेटेरियल कम्पनी प्रा.लि. समेतको आपसी सरसल्लाह, मिलोमतो र परिपन्चमा वदनियतका साथ सार्वजनिक जग्गा समेत खरिद बिक्री गर्ने गराउने कार्य गरी राष्ट्रसेवक कर्मचारीहरुले आफुहरु, अन्य व्यक्ति र नेपाल साउथ एसियन कन्स्ट्रकसन मेटेरियल कम्पनी प्रा.लि.लाई गैह कानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैर कानुनी हानी पुऱ्याउने वदनियतका साथ सरकारी जग्गा गैर कानुनी रुपमा नेपाल साउथ एसियन कन्स्ट्रकसन मेटेरियल कम्पनी प्रा.लि.को नाममा भोग चलन गर्ने गराउने गरी जग्गा धनी प्रमाण पुर्जा र पत्रहरु समेत तयार गरी गराई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) अनुसारको कसुर गरेको स-प्रमाण पुष्टी हुन आएकोले राष्ट्रसेवकहरु मालपोत कार्यालय धादिङका तत्कालिन मालपोत अधिकृत मोहन जंग थापा, तत्कालिन ना.सु. सत्यनारायण नेपाल, नापी कार्यालय धादिङका सर्वेक्षक विश्व कुमार वस्नेतलाई विगो रु.८६,४०,०००।- (रु. छयासी लाख चालिस हजार) कायम गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार विगो वमोजिम जरीवाना र कैद सजाय साथै कित्ता नं ६०, ७४ र ७७ क्षेत्रफल क्रमशः ४-८-२-१, ६-१०-२-० र ८६-१०-०-३ को सरकारी जग्गाहरु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम नेपाल साउथ एसियन कन्स्ट्रकसन मेटेरियल कम्पनी प्रा.लि.बाट फिर्ता असुल गराई नेपाल सरकारको नाममा कायम गरी पाउन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

साथै हरिविर लामा, गौतम लामा र नेपाल साउथ एसियन कन्ट्रक्सन मेटेरियल कम्पनी प्रा.लि.ले गैर कानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैर कानुनी हानी पुऱ्याउने वदनियतले कागजपत्र तयार गर्ने, दर्ता भोगचलन गर्ने गराउने कार्य गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसारको कसुर गरेको स-प्रमाण पुष्टी हुन आएकोले

निजहरु हरिविर लामा, गौतम लामा र नेपाल साउथ एसियन कन्स्ट्रकसन मेटेरियल कम्पनी प्रा.लि. उपर विगो रु.८६,४०,०००।- (रु. छयासी लाख चालिस हजार) कायम गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुरको मात्रा अनुसार कैद र विगो वमोजिम जरीवाना र उक्त विगो रु. ८६,४०,०००।- को कित्ता नं ६०, ७४ र ७७ को क्षेत्रफल क्रमशः ४-८-२-१, ६-१०-२-० र ८६-१०-०-३ को सरकारी जग्गा समेत जफत गरी पाउन मागदाबी लिई विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(गणेशराज कार्की)
सहसचिव एवं प्रवक्ता